# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७४।०२।२८ गते

## प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

विषय : आरोपपत्र दायर गरिएको

---

जिल्ला शिक्षा कार्यालय, पर्साका जिल्ला शिक्षा अधिकारी केदार तिवारी र सोही कार्यालयमा कार्यरत ईन्जिनियर नवल किशोर देवले नेपाल राष्ट्रिय प्रा.वि, मानिकपुर पर्साको ३ कोठे भवन निर्माणको लागि निकासा भएको रकम मध्ये कार्य सम्पन्न भए पछी भुक्तानी गर्ने गरी रोक्का राखिएको रकम फुकुवा गरिदिने प्रयोजनका लागि घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले जिल्ला शिक्षा अधिकारी केदार तिवारीलाई रु. ५०,००० /-(पचास हजार) र ईन्जिनियर नवल किशोर देवलाई रु. २०,०००/-( वीस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, जिल्ला शिक्षा अधिकारी केदार तिवारीलाई रु. ५०,००० /-(पचास हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) तथा ईन्जिनियर नवल किशोर देवलाई रु. २०,०००/-( वीस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)

सहसचिव एवं प्रवक्ता